"समुन्नत भविष्यको लागि हाम्रो संयुक्त अभियान,
सिन्धुमा निरन्तर वचत हाम्रो दरिलो पहिचान"।

दर्ता नं : २८।०६५।०६६ फोन नं: ०४७-५२१०५२ पान नं : ६०१६५१८०१

सदस्यको कोख देखी शोक सम्मको साथी सिन्धु

सिन्धु वचत तथा ऋण सहकारी संस्था लि.
SINDHU SAVING AND CREDIT CO-OPERATIVE LTD.
कमलामाई नगरपालिका-०६, धुरावजार, सिन्धुली

प.स :०७८/०७९
च.नं.: ०३४

प्रथम पटक सुचना प्रकाशित मिति २०७८।०५।२८

**<u>वार्षिक स्मारिका छपाई सम्वन्धि कार्यका लागि शिलबन्दी कोटेशन आह्वानको सुचना:</u>**

सिन्धु वचत तथा ऋण सहकारी संस्थाको १३ औं वार्षिक साधारण सभामिति २०७८ साल मंसिर ६ गते हुने भएकोले सो साधारण सभाको लागि आवश्यक वार्षिक प्रतिवेदन छपाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ११ (एघाह्रौ) दिन भित्र कार्यालय समयमा कोटेशन फारम वापत रु १०००।-अक्षेरुपी एक हजार रुपैया मात्र (पछि फिर्ता नहुने) तिरी अघिल्लो आ.व. को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाण पत्र, व्यवसायदर्ता प्रमाण पत्र, आयकार दर्ता तथा मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्र संलग्न राखि कोटेशन खरिद गर्न ईच्छुक फर्म/सप्लायर्सहरुलाई निम्नानुसारका शर्तहरुको अधिनमा रही रित पूर्वकको शिलबन्दी कोटेशन आह्वान गरिएको छ।

१. शिलवन्दी कोटेशन पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको र कुनै शर्त राखि पेश भएको दरभाउ पत्र मान्य हुने छैन।
२. यो सुचना प्रकाशित भएको मितिले १२ औं दिनको १२:०० बजे भित्र आफूले खरिद गरेको कोटेशन फर्म रित पूर्वक भरी यस कार्यालयमा सिलवन्दी साथ दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका कोटेशन सोही दिनको ३:०० बजे कोटेशन दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। कोटेशन दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी कोटेशन खोल्न वाधा पर्ने छैन। खरिद गरिएको कोटेशनमा उल्लेखि भएका सवै विवरणहरु प्रष्टसँग भरी सम्वन्धित कोटेशन दाताले प्रत्येक पानामा सही छाप र सिलबन्दी गरी खाम वाहिर फर्म/सप्लायर्सको नाम, ठेगाना, र सुचना नं. प्रष्टसँग उल्लेख गर्नुपर्नेछ।
३.कोटेशन खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु गर्न बाधा पर्ने छैन।
४. कबोल रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा शिलबन्दी दाताको आधिकारीक दस्तखत हुनुपर्नेछ।
५. सुचनामा उल्लेखित शर्त विपरित भएको, रित नपुगेको र म्याद नाघी पेश हुनआएको कोटेशन उपर कुनै कारवाही हुने छैन।
६. कोटेशन पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।
७. एक फर्म/सप्लायर्सको नाममा विक्रि भएको शिलवन्दी कोटेशन अर्को फर्म/सप्लायर्सको नाममा दाखिला गर्न पाईने छैन।

८. Email मार्फत पनि कोटेशन पठाउन पाईने छ । सोको लागि Email मा Password को प्रयोग गर्नुपर्ने छ र कोटेशन खुल्ने दिन सो Password उपलब्ध गराउनु पर्नेछ । Email मार्फत पठाउदा sacossindhu@gmail.com मा पठाउनु पर्ने छ ।

९. Email मार्फत पठाउने फर्म वा सप्लार्यसले सिन्धु website (www.sindhu.coop.np)मा गई कोटेशनको फर्म डाउलोड गर्नुपर्नेछ ।

१०. स्मारिकाको बाहिरको कभर पेज सम्वन्धित फर्म वा सप्लार्यसले नै डिजाईन गर्नुपर्ने छ ।

११. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. शिलबन्दी कोटेशन सम्वन्धी अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१३. बाहिरको कभर पेज रंगिन पेपरमा हुनुपर्ने छ ।

१४. शिलवन्दी कोटेशन पेश सँगै बाहिरको कभर पेपर र भित्री पेपरको नमुना तलको मापदण्ड अनुसार एक/एक प्रति बुझाउनु पर्नेछ । पछि नमुना कागज र छपाईको कागज फरक परेमा संस्था भुक्तानी दिन बाध्य हुने छैन ।

| सि. नं. | ठेक्का नं. | विवरण | जम्मा परिमाण | पृष्ठ संख्या | मूल्य | भ्याट मूल्य | कूल जम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | Procurement and supply of Booklet (स्मारिका)<br>paper Name:- Woodfree<br>Size:- 7.15in×9.5in<br>Cover:- 300gsm art board Paper with gloss lamination<br>Inner:- 80gsm woodfree<br>Glue Banding | १००० | १३० | | | | |

संजित कार्की
स्मारिका प्रकाशन संयोजक